आजको रितपूर्वक वसेको प्रथम वार्षिक साधारण सभाको अध्यक्षता संचालक समितीका **अध्यक्ष श्री तारा कुँवरज्युले** गर्नु भयो ।

<u>छलफलका विषयहरु</u>

१. कम्पनीको उद्देश्य थप सम्बन्धमा विशेष प्रस्ताव सम्बन्धमा ।
२. आर्थिक वर्ष ०७४/०७५ को संचालक समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आर्थिक वर्ष ०७४/०७५ को लेखा परिक्षण प्रतिवेदन र कम्पनीको वासलात सम्बन्धमा ।
४. आर्थिक वर्ष २०७५/२०७६ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमीक सम्बन्धमा ।
५. संचालक समितीको चयन सम्बन्धमा ।
६. विविध

**सभाको वैधानिकता:**

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाई ऐनको दफा ६७ (२) तथा कम्पनीको नियम १८(३) वमोजिम रित पूर्वक सुचना पठाईएको पाईयो । सभामा २० जना शेयरधनीहरु मध्ये १८ जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारणको लागी आवश्यक गणपुरक संख्याको प्रतिनित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम वैद्य यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

<u>छलफल तथा निर्णयहरु:</u>

१. कम्पनीको उद्देश्य थप सम्बन्धमा विषेश प्रस्ताव सम्बन्धमा:

कम्पनीको उद्देश्य थप सम्बन्धमा विषेश प्रस्ताव सम्बन्धमा छलफल हुँदा यस कम्पनीलाई थप व्यवसायीक वृद्धिको लागी प्रवन्ध पत्रको दफा ५(ढ) पछि रेमिटको तथा विमाको काम गर्ने गरी आवश्यक संशोधन गरी प्रवन्धपत्रमा उक्त शंसोधित दफा थप गरी प्रवन्ध पत्र संशोधन गर्ने भनी साधारण सभाबाट विषेश प्रस्ताव सर्वसम्मत पारित गरियो ।

**प्रबन्ध पत्रको ५(ढ) सम्म साविकको व्यवस्था रहेको:**

कम्पनीको साविकको व्यवस्था (ढ) सम्म रहेकोमा सो पछि उद्देश्य थप गर्ने

**<u>प्रबन्ध पत्रको दफा ५ (ढ) पछि निम्न (ण) र (त) थप गरिएको व्यवस्था:</u>**

**(ण) आफ्ना ग्राहक सदस्यहरुको हितका लागि संस्थागत वीमा अभिकर्ता Corporate Insurance Agent भई वीमा सम्बन्धी कार्य गर्ने ।**

**(त) विप्रेषण (रेमीट) सेवा प्रदायक विभिन्न कम्पनीहरुको सव रेमिट भई विप्रेषण (सव रेमिट) सेवा संचालन गर्ने ।**

२. आर्थिक वर्ष ०७४/०७५ को संचालक समितिको प्रतिवेदन सम्वन्धमा:

आर्थिक वर्ष ०७४/०७५ को संचालक समितिको प्रतिवेदनमा छलफल हुदा संचालक समितीका **अध्यक्ष श्री तारा कुवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष ०७४/०७५ को संचालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

३. आर्थिक वर्ष ०७४/०७५ को लेखा परिक्षण प्रतिवेदन र कम्पनीको वासलात सम्वन्धमा:

आर्थिक वर्ष ०७४/०७५ को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको बासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक सुनिल चपांई एण्ड एशोसियट्सद्वारा लेखा परिक्षण भई आएको लेखा परिक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

४. आर्थिक वर्ष २०७५/२०७६ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमीक सम्बन्धमा:

आर्थिक वर्ष २०७५/२०७६ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमीक सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७५/२०७६ को यस कम्पनीको लेखा परिक्षण गर्नको लागी पि.वाई.सि. एण्ड एशोसियटसलाई लेखा परिक्षकको रुपमा नियुक्त गरी कर सहित रु. ८०,०००/- (अक्षरुपी असी हजार) पारिश्रमिक दिने कुरा वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

५. संचालक समितीको चयन सम्बन्धमा ।

संचालक समितीको चयन सम्बन्धमा हाल कायम रहेको तपसिल बमोजिमको संचालक समितीलाई निरन्तरता दिने गरी वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

तपसिल:

| | |
|---|---|
| क) श्री तारा कुँवर | संचालक |
| ख) डा.इमान सिंह गुरुङ | संचालक |
| ग) श्री आमोद कुमार श्रेष्ठ (माछापुच्छ्रे बैंक लि.को प्रतिनिधी) | संचालक |
| घ) श्री इन्दु कुमारी कार्की | संचालक |

६ विविध

क) साधारण सभाको माइन्युट संचालक समितीले प्रमाणित गरी आवश्यक निकायमा पेश गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मले पारित गरियो ।

ख) मिति २०७५/०२/३० गते संचालक समितीको वैठकको प्रस्ताव नं.२ मा अध्यक्ष तथा संचालकको वैठक भत्ता तथा दैनिक भ्रमण भत्ताको सम्बन्धमा भएको निर्णय र सोही मितीमा नै प्रस्ताव नं. ९ मा प्रारम्भिक कारोवारको लेखा परिक्षण गर्दा लेखा परिक्षक श्री सुनिल चपांइ एण्ड एशोसियट्सलाई दिएको पारिश्रमिक सम्बन्धमा साधारण सभामा समर्थनको लागी पेश गर्ने भनी गरिएको निर्णय बमोजिम उक्त निर्णयलाई साधारण सभाबाट सर्वसम्मले पारित गरियो ।

ग) संस्थाको कार्यक्षेत्र विस्तार गर्न तथा राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थाको उद्देश्य तथा कारोवार सँग मिल्दो जुल्दो संस्थासँग मर्जर प्रक्रियाको लागी आवश्यक छलफल तथा प्रक्रिया अगाडी वढाउनको लागी संचालक समितीलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मले पारित गरियो ।

छलफलको लागि अन्य विषय नभएकोले अध्यक्षज्यूवाट धन्यवाद दिदै साधारण सभाको अन्त्य गर्नुभयो ।

महिला लघुवित्त वित्तिय संस्था लिमिटेडको

प्रबन्ध पत्रमा भएको संशोधित अंश

प्रबन्ध पत्रको ५(ढ) पछि थप भएका (ण) र (त) थप भई शंसोधीत गरिएको व्यवस्था:

५. वित्तिय संस्थाको उद्देश्य प्राप्ति गर्नको लागी गरिने कार्यहरु :

(ण) आफ्ना ग्राहक सदस्यहरुको हितका लागि संस्थागत वीमा अभिकर्ता **Corporate Insurance Agent** भई वीमा सम्बन्धी कार्य गर्ने ।

(त) विप्रेषण (रेमीट) सेवा प्रदायक विभिन्न कम्पनीहरुको सव रेमिट भई विप्रेषण (सव रेमिट) सेवा संचालन गर्ने ।

उपरोक्त अनुसारको प्रबन्ध पत्रको संसोधित अंश प्रमाणीत गर्ने संचालक

श्री तारा कुँवर

**महिला लघुवित्त वित्तिय संस्था लिमिटेडको**

प्रबन्ध-पत्र संसोधन सम्बन्धमा तयार पारिएको तिनमहले

| साविकको अवस्था | थप गरिएको व्यवस्था | परिवर्तन गर्नुपर्ने कारणहरु |
|---|---|---|
| प्रबन्ध पत्रको ५(ढ) पछि थप गरिएको | प्रबन्ध पत्रको ५(ढ) पछि निम्न (ण) र (त) थप गरिएको छ:<br>**(ण) आफ्ना ग्राहक सदस्यहरुको हितका लागि संस्थागत वीमा अभिकर्ता Corporate Insurance Agent भई वीमा सम्बन्धी कार्य गर्ने ।**<br>**(त) विप्रेषण (रेमीट) सेवा प्रदायक विभिन्न कम्पनीहरुको सब रेमिट् भई विप्रेषण (सब रेमिट) सेवा संचालन गर्ने ।** | संस्थाको कार्यक्षेत्र विस्तार गर्नको लागी । |

श्री तारा कुँवर

## महिला लघुवित्त वित्तिय संस्था लिमिटेडको

प्रवन्ध-पत्र संसोधन सम्बन्धमा तयार पारिएको तिनमहले

| साविकको अवस्था | थप गरिएको व्यवस्था | परिवर्तन गर्नुपर्ने कारणहरु |
|---|---|---|
| प्रवन्ध पत्रको ५(ढ) पछि थप गरिएको | प्रबन्ध पत्रको ५(ढ) पछि निम्न (ण) र (त) थप गरिएको छः<br>(ण) आफ्ना ग्राहक सदस्यहरुको हितका लागि संस्थागत वीमा अभिकर्ता **Corporate Insurance Agent** भई वीमा सम्बन्धी कार्य गर्ने ।<br>(त) विप्रेषण (रेमीट) सेवा प्रदायक विभिन्न कम्पनीहरुको सव रेमिट भई विप्रेषण (सव रेमिट) सेवा संचालन गर्ने । | संस्थाको कार्यक्षेत्र विस्तार गर्नको लागी । |

श्री तारा कुँवर